## कालीगण्डकी गाउँपालिका,स्याङ्जा
## गाउँ कार्यपालिकाको बैठक नं.
## (२०८१ श्रावण ०६ गते)

गाउँ कार्यपालिकामा प्रस्तावको रुपमा पेश हुन आएका निम्न विषयहरुमा गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री खिम बहादुर थापाज्यूको अध्यक्षता तथा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा छलफल भै सर्वसम्मतिमा देहायमै उल्लेख भए बमिजिम निर्णयहरु गरिएको छ।

| दस्तखत | बैठकको मर्यादा | पदाधिकारी | गाउँपालिका/वडा नं | नाम,थर |
|---|---|---|---|---|
| | अध्यक्षता | अध्यक्ष | गाउँपालिका | श्री खिम बहादुर थापा |
| | | उपाध्यक्ष | गाउँपालिका | श्री सावित्रा कोईराला |
| | | वडा अध्यक्ष | १ नं | श्री कृष्ण बहादुर लामिछाने |
| | | वडा अध्यक्ष | २ नं | श्री खगिसरा आले |
| | | वडा अध्यक्ष | ३ नं | श्री देवेन्द्र कुमार थापा |
| | | वडा अध्यक्ष | ४ नं | श्री यादव प्रसाद पाण्डेय |
| | | वडा अध्यक्ष | ५ नं | श्री रुक बहादुर थापा |
| | | वडा अध्यक्ष | ६ नं | श्री सुन्दर प्रसाद अधिकारी |
| | | वडा अध्यक्ष | ७ नं | श्री उम प्रसाद भट्टराई |
| | | कार्यपालिका सदस्य | | श्री हुमा देवी सार्की |
| | | कार्यपालिका सदस्य | | श्री टिकीसरा भट्टराई |
| | | कार्यपालिका सदस्य | | श्री दिपा सिंजाली |
| | | कार्यपालिका सदस्य | | श्री रुपमाया राना |
| | | कार्यपालिका सदस्य | | श्री लोक बहादुर सुनार |
| | | कार्यपालिका सदस्य | | श्री प्रेम सिंह बोटे |
| | | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पर्शुराम उपाध्याय |
| | | प्रशासकीय अधिकृत | गाउँपालिका | श्री सुनिता अधिकारी |

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

मितिः २०८१।५।६

प्रस्तावहरु:

१ आर्थिक बर्ष २०८०।०८१ को कार्यक्रमको समिक्षा
२ आर्थिक बर्ष २०८०।८१ को तेश्रो चौमासिक सार्वजनिक सुनुवाइ सम्वन्धमा ।
३ बार्षिक कार्ययोजना सम्वन्धमा ।
४ प्रशासकीय अधिकृतको नियुक्ति अनुमोदन सम्वन्धमा ।
५ बिदा स्वीकृत र थप जिम्मेवारी सम्वन्धमा ।
६ सामुदायिक बिकास परियोजना प्रस्ताव स्वीकृत गरी परियोजना माग गर्ने सम्वन्धमा ।
७ स्थानिय दररेट सम्वन्धमा ।
८ करार पदपूर्ति सम्वन्धमा ।

खिम बहादुर थाप…
गा. पा. अध्यक्ष

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

मितिः२०८१।४।६

निर्णय नं १ प्रस्ताव नम्बर १ मा छलफल गर्दा कालिगण्डकि गाउँकार्यपालिकाबाट आर्थिक बर्ष २०८०।०८१ मा मातहत कार्यालयहरु र बिषयगत शाखाबाट सम्पन्न भएका कार्यक्रमहरुको समिक्षा गर्दा यस गाउँपालिकाको चालु तर्फ ८३.७३, पूजिगत तर्फ ७६.५१ गरी कूल खर्च ८३.८४ देखिएकोले आव ०८१।०८२ मा पूजिगत तर्फ थप कार्य गर्ने गरी मातहत कार्यालय र विषयगत शाखाहरुलाइ सकृय बनाउने निर्णय गरियो ।

निर्णय नं २ प्रस्ताव नम्बर २ मा छलफल गर्दा आर्थिक बर्ष २०८०।०८१ को तेश्रो सार्वजनिक सुनुवाइ यही मिति २०८१ श्रावण १८ गते शुक्रबार वार्ड नं २ को ~~कार्यालय~~ आदर्श मा.वि मा संचालन गर्न सबै वार्ड कार्यालयहरुमा जानकारी दिने निर्णय गरियो ।

निर्णय नं ३ प्रस्ताव नम्बर ३ मा छलफल गर्दा यस कालिगण्डकी गाउँपालिकाबाट आर्थिक बर्ष २०८१।०८२ मा तपशिल बमोजिमको कार्य योजना बनाइ कार्यतालिका अनुसार कार्य सम्पादन गर्ने निर्णय गरियो ।

| महिना | कार्य विवरण |
|---|---|
| | कर्मचारीको मासिक बैठक बसी असार महिनाको कार्यसम्पादन समीक्षा गर्ने |
| | १) मासिक, त्रैमासिक तथा वार्षिक प्रगति विवरण तयार गरी समीक्षा गर्ने । २) पहिलो त्रैमासिक र वार्षिक कार्ययोजना तयार गर्ने |
| | कार्यपालिकाको बैठक सञ्चालन गर्ने |
| | १) अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी दिइ सक्ने २) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन फाराम दर्ता गरिसक्ने |
| | १) गत आर्थिक वर्षको आय व्यय विवरण तयार गरी सार्वजनिक गरिसक्ने २) प्रमुख प्रशासकीय अधिकृतले संस्थागत क्षमता स्वमूल्याङ्कन लिजा फोकल पर्सन तोकिसकने |
| | १) बजेट पुस्तिका तयार गरिसक्ने २) विषयगत शाखा महाशाखा तथा वडा सचिवले कार्यान्वयन कार्यतालिका तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरिसक्ने |
| | १) सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी सार्वजनिक सुनुवाई आयोजना गर्ने २) खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गर्ने |
| | बजेट पुस्तिका छपाई गरिसक्ने |
| | १) न्यायिक समितिको मासिक बैठक बस्ने २) वडा समितिको नियमित बैठक बस्ने |
| श्रावण | आर्थिक ऐनमा निर्धारित राजश्वको दरमा भएका परिवर्तनबारे सम्बन्धित शाखा र वडा |

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

| | |
|---|---|
| | कार्यालयका कर्मचारीलाई अभिमुखीकरण गर्ने |
| | कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता गरिसक्ने |
| | प्रमुख प्रशासकीय अधिकृतले एकीकृत कार्यान्वयन कार्ययोजना तयार गरी कार्यपालिकामा प्रस्ताव गरिसक्ने |
| | स्थानीय विपद् व्यवस्थापन समिति, स्वास्थ्य संस्था व्यवस्थापन समिति र शिक्षा समितिको बैठक बस्ने वडा तहमा समेत |
| | १) लिसा बैठकको तयारी गर्ने र प्रमाणीकरणका आधारहरु संकलन गर्ने २) वार्षिक खरिद गुरुयोजना तथा गुरुयोजना स्वीकृत गर्ने |
| | १) एकीकृत कार्यान्वयन कार्ययोजना, वार्षिक अनुगमन तथा मूल्याङ्कन योजना स्वीकृत गर्ने २) कर्मचारीको तलबी प्रतिवेदन स्वीकृत गर्ने |
| | कर्मचारीको मासिक बैठक बसी साउन महिनाको कार्यसम्पादन समीक्षा गर्ने |
| | योजना महाशाखा/ शाखाले आयोजना बैंकको तयारी तथा अद्यावधिक गर्ने काम सुरु गर्ने |
| | १) साउन महिनाको प्रगती विवरण तयार गरी समीक्षा गर्ने २) भदौ महिनाको कार्ययोजना तयार गर्ने |
| | कार्यपालिकाको बैठक सञ्चालन गर्ने |
| | विषयगत समितिहरुको बैठक बस्ने |
| | न्यायिक समितिको मासिक बैठक बस्ने |
| | वडा समितिको नियमित बैठक बस्ने |
| | जनप्रतिनिधि तथा कर्मचारीहरुको सम्पत्ति विवरण तयार गरिसक्ने |
| भाद्र | अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन प्रतिवेदन कार्यपालिकामा पेश गर्ने |
| | स्थानीय विपद् व्यवस्थापन समिति, स्वास्थ्य संस्था व्यवस्थापन समिति र शिक्षा समितिको बैठक बस्ने वडा तहमा समेत |
| | १) जिन्सी तथा सम्पत्तिको निरीक्षण गरी प्रतिवेदन तयार गरिसक्ने २) लिसा सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिसक्ने |
| | कर्मचारीको मासिक बैठक बसी भदौ महिनाको कार्यसम्पादन समीक्षा गर्ने |
| | १) भदौ महिनाको प्रगति विवरण तयार गरी समिक्षा गर्ने २) असोज महिनाको कार्ययोजना तयार गर्ने |
| | कार्यपालिकाको बैठक सञ्चालन गर्ने |
| | गत आर्थिक वर्षको सामाजिक परीक्षण गर्ने |
| | पहिलो त्रैमासिक अवधिको आन्तरिक लेखा परीक्षण गर्ने |
| | न्यायिक समितिको मासिक बैठक बस्ने |
| | वडा समितिको नियमित बैठक बस्ने |
| आश्विन | लिसाको अङ्कभार निर्धारण गर्ने र प्रारम्भिक नतिजा तयार गर्ने |

| | |
|---|---|
| | स्थानीय विपद् व्यवस्थापन समिति, स्वास्थ्य संस्था व्यवस्थापन समिति र शिक्षा समितिको बैठक बस्ने वडा तहमा समेत |
| | कर्मचारीको मासिक बैठक बसी असोज महिनाको कार्यसम्पादन समीक्षा गर्ने |
| | १) असोज महिनाको प्रगति विवरण तयार गरी समिक्षा गर्ने २) कार्तिक महिनाको कार्ययोजना तयार गर्ने |
| | १) कार्यपालिकाको बैठक सञ्चालन गर्ने २) लिसाको नतिजा बैठकमा पेश गर्ने |
| | उपाध्यक्ष वा उपप्रमुखले गै.स.स. समुदायमा आधारित संस्था, निजी क्षेत्रसँग समन्वय बैठक आयोजना गर्ने |
| | विषयगत समितिहरुको बैठक बस्ने |
| | वडा समितिको नियमित बैठक बस्ने |
| | १) गत आर्थिक वर्षको सामाजिक परीक्षण गर्ने २) स्थानीय सरकार सम्बन्धी सूचनाको सूची प्रकाशन गर्ने |
| | १) अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन प्रतिवेदन कार्यपालिकामा पेश गर्ने २) न्यायिक समितिको मासिक बैठक बस्ने |
| कार्तिक | स्थानीय विपद् व्यवस्थापन समिति, स्वास्थ्य संस्था व्यवस्थापन समिति र शिक्षा समितिको बैठक बस्ने वडा तहमा समेत |
| | कर्मचारीको मासिक बैठक बसी कार्तिक महिनाको कार्यसम्पादन समीक्षा गर्ने |
| | १) कार्तिक महिनाको प्रगति विवरण तयार गरी समिक्षा गर्ने २) मंसिर महिनाको कार्ययोजना तयार गर्ने |
| | १) कार्यपालिकाको बैठक सञ्चालन गर्ने |
| | आय र व्ययको चौमासिक विवरण संघीय तथा प्रदेश अर्थ मन्त्रालयमा पेश गरिसक्ने |
| | १) आयोजना बैंकलाई अन्तिम रुप प्रदान गरी स्वीकृत गर्ने २) सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरी सार्वजनिक सुनुवाई आयोजना गर्ने |
| | राजश्व परामपर्श समितिले राजश्व परिचालन सम्बन्धी अध्ययन प्रतिवेदन कार्यपालिकामा पेश गर्ने |
| | न्यायिक समितिको मासिक बैठक बस्ने |
| | वडा समितिको नियमित बैठक बस्ने |
| | विषय क्षेत्रसँग सम्बन्धित सूचना सङ्कलन र विश्लेषण गरी वस्तुस्थिति प्रोफाइल अद्यावधिक गर्ने |
| | राजश्व प्रक्षेपण सहित राजश्व सुधार कार्ययोजना तयार/ अद्यावधिक गर्ने |
| मंसिर | स्थानीय विपद् व्यवस्थापन समिति, स्वास्थ्य संस्था व्यवस्थापन समिति र शिक्षा समितिको बैठक बस्ने वडा तहमा समेत |
| | कर्मचारीको मासिक बैठक बसी मंसिर महिनाको कार्यसम्पादन समीक्षा गर्ने |
| पौष | १) मंसिर महिनाको प्रगति विवरण तयार गरी समिक्षा गर्ने २) पुष महिनाको |

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

| | |
|---|---|
| | कार्ययोजना तयार गर्ने |
| | १) कार्यपालिकाको बैठक बसी गाउँसभाको अधिवेशन आव्हान गर्ने |
| | राजश्व परामपर्श समितिको बैठक बस्ने |
| | दोस्रो त्रैमासिक अवधिको आन्तरिक लेखा परीक्षण गर्ने |
| | १) आगामी आ.व.को राजश्व प्रक्षेपण र अनुमान तयार गरिसक्ने २) आगामी तीन आ.व.मा हुने खर्च (मध्यमकालीन खर्च संरचना समेत) को प्रक्षेपण गरी सार्वजनिक खर्चको विवरण तयार गरिसक्ने |
| | विषयगत समितिहरुको बैठक बस्ने |
| | सभाको हिउँदे अधिवेशन आयोजना गर्ने |
| | न्यायिक समितिको मासिक बैठक बस्ने |
| | वडा समितिको नियमित बैठक बस्ने, स्थानीय विपद् व्यवस्थापन समिति, स्वास्थ्य संस्था व्यवस्थापन समिति र शिक्षा समितिको बैठक बस्ने वडा तहमा समेत |
| | (१) लिसाको अन्तिम नतिजा कार्यपालिकाबाट अनुमोदन गरिसक्ने (२) अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन प्रतिवेदन कार्यपालिकामा पेश गरिसक्ने |
| | आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क संघ र प्रदेशक अर्थ मन्त्रालय र राष्ट्रिय प्राकृतिक तथा वित्त आयोगमा पेश गरिसकने |
| | कर्मचारीको मासिक बैठक बसी पुष महिना र त्रैमासिक अवधिको कार्यसम्पादन समीक्षा गर्ने |
| | (१) दोस्रो त्रैमासिक र पुषको प्रगति विवरण तयार गरि समीक्षा गर्ने (२) तेस्रो त्रैमासिक र माघको कार्ययोजना तयार गर्ने |
| | कार्यपालिकाको मासिक बैठक सञ्चालन गर्ने |
| | लिसाको नतिजा वेबसाइट र सूचना पार्टीमा प्रकाशन गर्ने र जि.स.स. प्रदेश र संघीय मन्त्रालय पठाइसक्ने |
| | न्यायिक समितिको मासिक बैठक बस्ने |
| | वडा समितिको नियमित बैठक बस्ने, स्थानीय विपद् व्यवस्थापन समिति, स्वास्थ्य संस्था व्यवस्थापन समिति र शिक्षा समितिको बैठक बस्ने वडा तहमा समेत |
| माघ | बस्तीस्तरमा योजना तर्जुमाको लागि सदस्यहरुलाई जिम्मेवारी दिइसक्ने |
| | कर्मचारीको मासिक बैठक बसी माघ महिनाको कार्यसम्पादन समीक्षा गर्ने |
| | (१) माघ महिनाको प्रगति विवरण तयार गरी समीक्षा गर्ने (२) फागुन महिनाको कार्ययोजना तयार गर्ने |
| | कार्यपालिकाको मासिक बैठक सञ्चालन गर्ने |
| | विषयगत समितिहरुको बैठक बस्ने |
| | स्थानीय सरकार सम्बन्धी सूचनाको सूची प्रकाशन गर्ने |
| फागुन | (१) न्यायिक समितिको मासिक बैठक बस्ने (२) वडा समितिको नियमित बैठक |

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

| | |
|---|---|
| | बस्ने |
| | स्थानीय विपद् व्यवस्थापन समिति, स्वास्थ्य संस्था व्यवस्थापन समिति र शिक्षा समितिको बैठक बस्ने वडा तहमा समेत |
| | मध्यमकालीन खर्च संरचना तयारी बारे कार्यपालिका, विषयगत समिति र महाशाखा/शाखाका प्रमुखलाई अभिमुखीकरण गरिसक्ने |
| | (१) अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन प्रतिवेदन कार्यपालिकामा पेश गर्ने (२) राजश्व परिचालन सम्बन्धी अद्यावधिक प्रतिवेदन कार्यपालिकामा पेश गरिसक्ने |
| | नेपाल सरकारबाट राजश्व बाँडफाँड, रोयल्टी र वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शनको प्राप्त गरिसक्ने |
| चैत्र | कर्मचारीको मासिक बैठक बसी फागुन महिनाको कार्यसम्दान समीक्षा गर्ने |
| | (१) फागुन महिनाको प्रगति विवरण तयार गरी समीक्षा गर्ने (२) चैत महिनाको कार्ययोजना तयार गर्ने |
| | कार्यपालिकाको मासिक बैठक सञ्चालन गर्ने |
| | तेस्रो त्रैमासिक अवधिको आन्तरिक लेखा परीक्षण गर्ने |
| | आय र व्ययको चौमासिक विवरण संघीय तथा प्रदेश अर्थ मन्त्रालयमा पेश गरिसक्ने |
| | सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी सार्वजनिक सुनुवाइको आयोजना गर्ने |
| | न्यायिक समितिको मासिक बैठक बस्ने |
| | वडा समितिको नियमित बैठक बस्ने |
| | (१) स्थानीय सरकार सम्बन्धी सूचनाको सूची प्रकाशन गर्ने (२) चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा गर्ने |
| | स्थानीय विपद् व्यवस्थापन समिति, स्वास्थ्य संस्था व्यवस्थापन समिति र शिक्षा समितिको बैठक बस्ने वडा तहमा समेत |
| | अध्यक्षले गै.स.स. उपभोक्ता समिति, सहकारी संस्था आदिसँग योजना तथा बजेट तर्जुमा सम्बन्धमा पूर्व बजेट छलफल गरिसक्ने |
| | प्रदेश सरकारबाट बाँडफाँड भई प्राप्त हुने राजश्व र वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शन प्राप्त गरिसक्ने |
| वैशाख | कर्मचारीको मासिक बैठक बसी चैत महिना र त्रैमासिक अवधिको कार्यसम्पादन समीक्षा गर्ने |
| | चैत महिना तथा तेस्रो त्रैमासिक अवधिको प्रगति विवरण तयार गरी समीक्षा गर्ने |
| | चौथो त्रैमासिक अवधिको कार्ययोजना तयार गर्ने |
| | (१) कार्यपालिकाको मासिक बैठक सञ्चालन गर्ने (२) राजश्व परामर्श समितिबाट राजश्वको अध्ययन सम्बन्धी प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्ने |
| | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले त्रिवर्षिय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोत आकलन गरिसक्ने |

कालीगण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय स्याङ्जा 2074

| | |
|---|---|
| | (१) नीति तथा कार्यक्रम तयार गरी अध्यक्ष/ प्रमुखद्वारा सभामा प्रस्तुत गरिसक्ने (२) बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार तथा विधि तयार गरिसक्ने |
| | कुल बजेट अनुमान, सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गरिसक्ने |
| | राजस्व परामर्श समितिको बैठक आयोजना गर्ने |
| | आगामी तीन आर्थिक वर्षको बजेट सीमा तथा मार्गदर्शन स्वीकृत गरी विषयगत महाशाखा / शाखा तथा वडा कार्यालयलाई उपलब्ध गराईसक्ने |
| | विषयगत समितिहरुको बैठक बस्ने |
| | वडा समितिले बस्ती / टोल बैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँड गरिसक्ने |
| | न्यायिक समितिको मासिक बैठक बस्ने |
| | वडा समितिको नियमित बैठक बस्ने |
| | स्थानीय विपद् व्यवस्थापन समिति, स्वास्थ्य संस्था व्यवस्थापन समिति र शिक्षा समितिको बैठक बस्ने वडा तहमा समेत |
| | स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने |
| | अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन प्रतिवेदन कार्यपालिकामा पेश गरिसक्ने |
| | वडा समिति सदस्यले बस्ती स्तरमा आयोजना छनौट गरी वडा समितिमा पेश गरिसक्ने |
| | कर्मचारीको मासिक बैठक बसी वैशाख महिनाको कार्यसम्पादन समीक्षा गर्ने |
| | (१) वैशाख महिनाको प्रगति विवरण तयार गरी समीक्षा गर्ने (२) जेठ महिनाको मासिक कार्ययोजना तयार गर्ने |
| | कार्यपालिकाको मासिक बैठक सञ्चालन गरि सभाको अधिवेशनको मिति तय गर्ने |
| | (१) वडा सचिवले बस्ती/ टोलस्तर बाट प्राप्त आयोजना / कार्यक्रमलाई विषय क्षेत्र अनुसार छुट्याईसक्ने (२) वडाको बजेट सीमा भित्रका र अन्य महत्वपूर्ण आयोजनालाई विषयगत रुपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गरिसक्ने |
| | (१) विषयगत महाशाखा / शाखाबाट विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गरिसक्ने (२) विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी गरिसक्ने |
| | (१) न्यायिक समितिको मासिक बैठक बस्ने (२) वडा समितिको नियमित बैठक बस्ने |
| | विषयगत समितिमा छलफल गरी प्राथमिकता निर्धारण गरिसक्ने |
| जेठ | स्थानीय विपद् व्यवस्थापन समिति, स्वास्थ्य संस्था व्यवस्थापन समिति र शिक्षा |

खिम बहादुर थापा
गा.पा. अध्यक्ष

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा

| | |
|---|---|
| | समितिको बैठक बस्ने वडा तहमा समेत |
| | मध्यमकालीन खर्च संरचना तयारी बारे कार्यपालिका, विषयगत समिति र महाशाखा/शाखाका प्रमुखलाई अभिमुखीकरण गरिसक्ने |
| | (१) कर्मचारीको मासिक बैठक बसी जेठ महिनाको कार्यसम्पादन समीक्षा गर्ने (२) कार्यपालिकाको मासिक बैठक सञ्चालन गरिसक्ने |
| | (१) जेठ महिनाको प्रगति विवरण तयार गरी समीक्षा गर्ने (२) असार महिनाको कार्ययोजना तयार गर्ने |
| | बजेट तथा कार्यक्रम तर्जुमा समितिले गै स स तथा विकास साझेदारको कार्यक्रमलाई एकीकृत गरी समावेश गरिसक्ने |
| | बजेट तथा कार्यक्रम तर्जुमा समितिले आर्थिक तथा विनियोजना विधेयकको मस्यौदा तथा मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयार गरी कार्यपालिकामा पेश गरिसक्ने |
| | सभाको बैठकमा नीति तथा कार्यक्रम पेश तथा छलफल गर्ने |
| | (१) बजेट तथा कार्यक्रम, आर्थिक एवं विनियोजन विधेयक र मध्यमकालीन खर्च संरचना कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश गरिसक्ने (२) वार्षिक बजेट, वार्षिक विकास कार्यक्रम र सोसँग सम्बन्धित दस्तावेज उपर छलफलको कार्यतालिका तयार गरिसक्ने (३) उपाध्यक्षले बजेट तथा कार्यक्रम र यस सँगसम्बन्धित विधेयक सभामा पेश गरिसक्ने |
| | सभामा पारित भएको कार्यतालिका अनुसार वार्षिक बजेट तथा कार्यक्रम सभामा पेश भएको १५ दिन भित्र दफाबार छलफल गरी स्वीकृत गर्ने वा सुझाव सहित कार्यपालिकामा फिर्ता पठाउने |
| | चौथो त्रैमासिक अवधिको आन्तरिक लेखा परीक्षण गर्ने |
| | विषयगत समितिहरुको बैठक बस्ने |
| | सुत्रबाट हुने सबै प्रकारका भुक्तानी गरिसक्ने |
| | स्थानीय सरकार सम्बन्धी सूचनाको सूची प्रकाशन गर्ने |
| | (१) न्यायिक समितिको मासिक बैठक बस्ने (२) वडा समितिको नियमित बैठक बस्ने |
| | स्थानीय विपद् व्यवस्थापन समिति, स्वास्थ्य संस्था व्यवस्थापन समिति र शिक्षा समितिको बैठक बस्ने वडा तहमा समेत |
| | सुझाव सहित फिर्ता भएको बजेट उपर कार्यपालिकाले पुनर्विचार गरी आवश्यक परिमार्जन सहित वा परिमार्जन गर्नुपर्ने नदेखिएमा कारणसहित सभामा पुनः पेश गरिसक्ने |
| | अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन प्रतिवेदन कार्यपालिकामा पेश गरिसक्ने |
| असाढ | (१) बजेट तथा कार्यक्रम सहित मध्यमकालीन खर्च संरचना, आर्थिक तथा विनियोजन |

कालिगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

| | |
|---|---|
| | सम्बन्धी विधेयक सभाबाट पारित गरिसक्ने (२) आर्थिक तथा विनियोजन ऐन प्रकाशन गरिसक्ने |

निर्णय नं ४ प्रस्ताव नम्बर ४ मा छलफल गर्दा प्रदेश लोकसेवा आयोग गण्डकी प्रदेश पोखराबाट प्रशासन सेवा सामान्य प्रशासन समुह सातौ तहमा यस कालिगण्डकी गाउँपालिका कार्यालयमा स्थायी नियुक्तीको सिफारिश लिइ आउनु भएका पर्वत जिल्ला कुश्मा नगरपालिका वार्ड नं वस्ने सुनिता अधिकारीका सातौ तहको नियुक्ती अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ५ प्रस्ताव नम्बर ५ मा छलफल गर्दा यस कार्यालय अन्तरगत वार्ड नं ४ को कार्यालयमा वार्ड सचिवको पदमा रहनु भएका गंगा पन्थिले आफ्नो स्वास्थ्य अवस्था कमजोर रहेकोले उपचारका लागि बिरामी बिदा र घर बिदा माग गर्नु भएकोले माग बमोजिम मिति २०८१।४।१३ गते देखि १२० दिन निजको संचित घर बिदा र बिरामी विदाबाट कट्टा हुने गरी स्वीकृत गर्ने र वार्ड नं ४ को सेवा प्रवाह नियमित संचालनका लागि वार्ड नं ३ मा कार्यरत माधव रिजाललाइ वार्ड नं ३ र ४ को सयुक्त जिम्मेवारी थप गर्ने निर्णय गरियो ।

निर्णय नं ६ प्रस्ताव नम्बर ६ मा छलफल गर्दा संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालय काठमाण्डौबाट मिति २०८१।३।५ गतेको पत्रबाट उच्च प्रभावयुक्त सामुदायिक बिकास परियोजनाको प्रस्ताव माग गरेकोले यस कार्यालयको आफनो स्वामित्वमा रहेको कालिगण्डकी ४ करेण्डाडा स्थित जग्गामा कृषि पूर्वाधार निर्माण शीतभण्डार कृषि उपज प्रवर्धन केन्द्र संचालन गर्नका लागि कार्यालयका तर्फबाट ५ प्रतिशत लागत साझेदारीमा परियोजना संचालन गर्न सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ७ प्रस्ताव नम्बर ७ मा छलफल गर्दा आर्थिक बर्ष २०८१।०८२ मा गाउपालिका क्षेत्र भित्र निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि स्याङजा जिल्लाबाट स्वीकृत भएको र यस गाउँपालिका भित्रका निर्माण व्यवसायी,व्यापारी समेतका बैठक र छलफलबाट समेत जिल्ला दररेटलाइ कायम गरी लागु गर्ने सुझाव पेश भएकोले जिल्ला दररेटलाइ कायम गरी लागु गर्ने निर्णय गरियो ।

निर्णय नं ८ प्रस्ताव नम्बर ८ मा छलफल गर्दा यस कार्यालय अन्तरगत आलमदेवी बहुप्राविधिक शिक्षालयमा प्राचार्य (इन्जिनियर) , वार्ड नं ६ को कार्यालयमा असिष्टेण्ट सव इन्जिनियर र चण्डीभन्ज्याङ स्वास्थ्य चौकीमा हेल्थ असिष्टेण्ट र अहेब पद रित्त रहन गएकोले उक्त पदहरु करारबाट पदपूर्ति गर्ने निर्णय गरियो ।